बैजनाथ गाउपालिका

# बैजनाथ राजपत्र

**खण्ड : ०४ भाग : ०२ संख्या : ०७ प्रकाशित मिति : २०७८/०२/ ०६**

## बैजनाथ गाउँपालिकाको
## कोरोना भाइरस (कोभिड-१९)" को संक्रमणको पहिचान, रोकथाम ,नियन्त्रण तथा उपचारमा संलग्न जनशक्तिको जोखिम भत्ता तथा खर्च व्यवस्थापन सम्बन्धि मापदण्ड ,२०७८

गाउँ कार्यपालिकाबाट स्वीकृत मिति : २०७८/०२/०५

**प्रस्तावना :**

१. कोरोना भाइरस (कोभिड-१९) को संक्रमणको पहिचान, रोकथाम, नियन्त्रण तथा उपचार सम्वन्धी कार्यमा संलग्न जनशक्तिलाई उच्च मनोबलका साथ सेवा प्रवाह गर्न तथा नेपाल सरकारको मिति २०७८/०१/१९ को निर्णयको आधारमा रही बैजनाथ गाउपालिकाको स्वास्थ्य सेवा एंन २०७७ को परिच्छेद १० को आपतकालीन स्वास्थ्य सेवा प्रबाह तथा संक्रामक रोग ब्यबस्थापनको कार्यान्वयन गर्नको लागि गाउपालिकाको आफ्नो स्रोतसाधनको अधिनमा हुने गरि नेपाल सरकारको सुबिधा सम्बन्धि निर्णयका अतिरिक्त सुबिधा समेत थप गरि कार्यान्वयन गर्न सो कार्यमा संलग्न सबै किसिमका जनशक्तिहरुलाई परिचालन गरि जोखिम भत्ता उपलव्ध गराउन र सो काममा हुने खर्चलाई ब्यबस्थित गर्न वाञ्छनीय हुने भएकोले स्थानीय सरकार संचालन एंन २०७४ को दफा १०२(२) को अधिकार प्रयोग गरि बैजनाथ गाउपालिकाको कार्यपालिकाले यो मापदण्ड वनाएको छ ।

२. संक्षिप्त नाम र प्रारम्भः (१) यस मापदण्डको नाम "कोरोना भाइरस (कोभिड-१९)" को संक्रमणको पहिचान, रोकथाम, नियन्त्रण तथा उपचारमा संलग्न जनशक्तिको जोखिम भत्ता तथा खर्च व्यवस्थापन मापदण्ड २०७८, रहेको छ ।

(२) यो मापदण्ड २०७८।०१।०९ देखि लागु हुनेछ ।

३. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस मापदण्डमा -

क. उपचार भन्नाले कोरोना भाइरस (कोभिड-१९) को संक्रमणको , पहिचान, रोकथाम नियन्त्रण तथा उपचार सम्वन्धी स्वास्थ्य सेवा सम्झनु पर्दछ।

ख. "कोभिड-१९" भन्नाले यस SARS-COV-2 भाइरसको संक्रमणबाट मानिसलाई हुने रोग सम्झनु पर्दछ ।

ग. "गाउँपालिका " भन्नाले बैजनाथ गाउँपालिकालाई सम्झनु पर्दछ ।

घ. "जनशक्ति भन्नाले कोभिड-१९ को संक्रमणको रोकथाम, नियन्त्रण तथा उपचारमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा उपचारमा संलग्न दफा ३ वमोजिमको कार्यमा संलग्न देहाय वमोजिमका जनशक्ति सम्झनु पर्दछ ।

१. चिकित्सक
२. नर्स
३. पारामेडिक्स
४. प्रयोगशालाकर्मी
५. एम्वुलेन्स चालक/सवारी चालक
६. हलुका सवारी चालक
७. प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी,आधारभूत स्वास्थ्य सेवा केन्द्र र गाउँपालिकामा कार्यरत प्रशासनिक तथा अन्य कर्मचारी
८. सरसफाईमा संलग्न कर्मचारी
९. सम्वन्धित कार्यालय प्रमुखले कोभिड-१९ को संक्रमणको रोकथाम, नियन्त्रण र उपचारमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा संलग्न भएको भए प्रमाणित गरेका कर्मचारी

४. जोखिम भत्ता प्राप्त गर्न सकिनेः कोभिड-१९ को संक्रमणको उपचारमा संलग्न देहाय बमोजिमका स्थानमा काममा खटिएका जनशक्तिले जोखिम भत्ता प्राप्त गर्न सक्ने छन :-

क. देहाय बमोजिमका हेल्थ डेस्कमा कार्यरत जनशक्ती

१. बैजनाथगाउँपालिकाले आवश्यक ठानी विभिन्न स्थानमा खडा गरिएका हेल्थ डेस्कमा खटिएका,

ख. देहाय बमोजिमका क्वारेन्टाइनमा कार्यरत जनशक्ति

१. कोभिड-१९ को संक्रमण हुन सक्ने शंका गरिएका विभिन्न नाकाबाट नेपाल प्रवेश गरेका स्वदेशी वा विदेशी नागरिकलाई राख्नको लागि गाउँपालिकाबाट खडा गरिएका क्वारेन्टाइन तथा होल्डिंग सेन्टरमा खटिएका जनशक्तिहरु ।

२. कोभिड-१९ को संक्रमण हुन सक्ने शंका गरिएका देशभित्र रहेका व्यक्तिलाई गाउँपालिकाबाट खडा गरिएका क्वारेन्टाइनमा नै राख्नु पर्ने भनी सिफारिश गरिएका व्यक्तिहरुलाई राख्नको लागि खडा गरिएका क्वारेन्टाइन तथा होल्डिंग सेन्टरमा खटिएका जनशक्तिहरु

ग. देहाय बमोजिमका उपचारमा संलग्न जनशक्तिहरु

१. संक्रमणको शंकास्पद व्यक्तिलाई शुरु परीक्षण(स्क्रिनिङ्ग) र सो कार्यमा सहयोग पुऱ्याउने तथा फिवर (ज्वरो) क्लिनिकमा खटिएका जनशक्ति,

२. संक्रमणको शंकास्पद व्यक्तिलाई आइसोलेशनमा राखेको अवस्थामा त्यस्तो आइसोलेशन वेड तथा वार्डमा खटिएका जनशक्ति,

३. संक्रमण भई उपचारत रहेका व्यक्तिको उपचारमा खटिएका जनशक्ति ।

घ. देहाय बमोजिमका प्रयोगशालामा परीक्षणमा संलग्न जनशक्ति

१. कोभिड-१९ को संक्रमणको शंकास्पद व्यक्तिको नमूना संकलन, प्याकिङ्ग र ढुवानी कार्यमा संलग्न जनशक्ति।

ङ. खण्ड (क) (ख) (ग) र (घ) बमोजिमको जनशक्तिलाई प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा सहयोगको लागि तत् स्थानमा खटिएका जनशक्ति,

च. कोभिड-१९ का विरामीहरुसंग सम्पर्कमा आएकाहरुको खोजी कार्य(कन्ट्याक्ट ट्रेसिङ्गमा ) खटिएका स्वास्थ्यकर्मी,

छ. यस दफामा उल्लिखित जनशक्ति बाहेक गाउँपालिकामा खण्ड (क) (ख) (ग) र (घ) मा उल्लिखित जनशक्तिको व्यवस्थापनमा संलग्न जनशक्ति ।

ज. यस कार्यविधि वमोजिमको कार्यको अनुगमन,मूल्याङ्कन तथा व्यवस्थापनमा संलग्न जनशक्ति।

झ. बैजनाथ गाउँपालिकामा कोभिड रोकथाम तथा नियन्त्रण कार्यलाई प्रभावकारी रुपमा व्यबस्थापन गर्न एक सचिवालय रहनेछ जसमा तपशिल बमोजिमका पदाधिकारी तथा कर्मचारीहरु रहनेछन ।

१. बैजनाथ गाउपालिकाका अध्यक्ष - संयोजक
२. बैजनाथ गाउपालिकाका उपाध्यक्ष - सदस्य
३. प्रमुख प्रशासकीय अधिकृत - सदस्य
४. आर्थिक प्रशासन प्रमुख - सदस्य
५. स्वास्थ्य शाखा प्रमुख - सदस्य
६. स्वास्थ्य शाखामा कार्यरत नर्सिङ कर्मचारी - सदस्य
७. योजना तथा अनुगमन शाखा प्रमुख - सदस्य
८. कर्मचारी प्रशासन शाखा प्रमुख / विपद ब्यबस्थापन शाखा तथा खरिद इकाइ प्रमुख - सदस्य सचिव

झ(१).माथि उल्लेखित समितिले बैजनाथ गाउँपालिकामा कार्यरत थप जनशक्तिलाई आबश्यकताका आधारमा कोभिड नियन्त्रण तथा रोकथामको लागि कामकाजमा लगाउन सक्नेछ ।

झ(२). वडा कार्यालय भरीमा कोभिड रोकथाम तथा नियन्त्रण कार्यलाई प्रभावकारी रुपमा व्यबस्थापन गर्न सम्बन्धित वडाका अध्यक्षको संयोजकत्वमा सबै वडा सदस्य र वडा सचिब समितिको सचिब रहने गरि सचिवालय गठन हुनेछ । सो सचिवालयको लागि कार्यपालिकाको निर्णय अनुसार सुबिधा तथा खर्च ब्यबस्थापन गरिनेछ र आबश्यक परेमा सो समितिको निर्णयले अन्य जनशक्तिहरु खटाउन सकिने छ | वडाको लागि विनियोजित भएको रकमको खर्च गर्ने शिर्षक कार्यपालिकाको निर्णय अनुसार हुनेछ |

५. विवरण तथा कागजात संलग्न गर्नु पर्ने : १) जोखिम भत्ता प्राप्त गर्नको लागि पुष्ट्याँई सहितको देहाय बमोजिमका विवरण तथा कागजात संलग्न गरी बैजनाथ गाउँपालिकामा पेश गर्नु पर्ने छ ।

क. दफा ३ वमोजिमको कार्य गर्नको लागि खटाएको प्रमाण वा खटिएको स्थानमा कार्य गरेको प्रमाणित हाजिरी ।

ख. क्वारेन्टाइनको हकमा संम्भावित संक्रमित व्यक्ति क्वारेन्टाइन वसेको विषय पुष्ठी गर्ने विवरण

ग. फिवर (ज्वरो) क्लिनिकको हकमा फिवर क्लिनिक संचालन गरेको प्रमाण तथा फिवर क्लिनिकमा चेकजाँच भएका व्यक्तिको विवरण ।

घ. उपचारमा संलग्न जनशक्तिको हकमा शुरु परीक्षण गरेका, आइसोलेशनमा राखेका तथा संक्रमणको पुष्टि भई उपचार गरेका विरामीको विवरण ।

ङ. प्रयोगशाला परीक्षणमा संलग्न जनशक्तिको हकमा नमूना संकलन गरिएका व्यक्तिको विवरण

२) उपदफा १ को खण्ड (क) मा जुनसुकै कुरा लेखिएको भएता पनि कोभिड-१९ को संक्रमण भएका व्यक्तिहरुलाई उपचार गर्न तोकिएका कार्यरत जनशक्ति र दफा ३ को खण्ड (च) र (छ) बमोजिमको जनशक्तिको हकमा खटाएको पत्र आवश्यक पर्ने छैन ।

६. जोखिम भत्ता व्यवस्थापनः (१) कोभिड-१९ को संक्रमणको पहिचान, रोकथाम, नियन्त्रण तथा उपचारमा खटाईएका जनशक्तिलाई गाउँपालिकाले नै जोखिम भत्ता व्यवस्था गर्ने छ ।

७. जोखिम भत्ता तथा अन्य खर्चः

बैजनाथ गाउँपालिकामा कोभिड रोकथाम तथा नियन्त्रण कार्यलाई प्रभावकारी रुपमा व्यबस्थापन गर्ने कार्यमा संलग्न पदाधिकारी तथा कर्मचारीहरुलाई तपशिल बमोजिमको प्रोत्साहन रकम र खर्च व्यबस्थापन गरिनेछ ।

क. एम्बुलेन्स भाडा वापत प्रति ट्रीप तपशिल बमोजिमको रकम भुक्तानी गरिनेछ ।

| क सं | बिबरण | भुक्तानि हुने रकम | ड्राइभरले पाउने प्रोत्साहन |
|---|---|---|---|
| १ | गाउँपालिकाका बिभिन्न स्थानबाट | ७०० | २०० |

| | | | |
|---|---|---|---|
| | पालिका भित्र रहेका स्वास्थ्य संस्थाहरुमा पुर्याउदा | | |
| २ | गाउँपालिकाका बिभिन्न स्थानबाट कोहलपुर सम्म पुर्याउदा | १००० | ३०० |
| ३ | गाउँपालिकाका बिभिन्न स्थानबाट नेपालगंज सम्म पुर्याउदा | १६०० | ४०० |

एम्बुलेन्स भाडा वापतको रकमबाट नै ड्राइभरको प्रोत्साहन रकम भुक्तानी हुनेछ ।

ख. कोभिडको संक्रमणको कारण मृत्यु भएकाहरुको शव व्यबस्थापन वापत प्रति ट्रीप तपशिल बमोजिमको रकम भुक्तानी गरिनेछ ।

| क्र सं | बिबरण | भुक्तानि हुने रकम | ड्राइभरले पाउने प्रोत्साहन |
|---|---|---|---|
| १ | गाउँपालिका भित्रका बिभिन्न स्थानबाट मशानघाट तथा तोकिएको स्थानसम्म | १००० | ५०० |
| २ | कोहलपुरबाट बैजनाथ गाउँपालिकाका बिभिन्न स्थानका मशानघाट तथा तोकिएको स्थानसम्म | १३०० | ६०० |
| ३ | नेपालगंजबाट बैजनाथ गाउँपालिकाका बिभिन्न स्थानका मशानघाट तथा तोकिएको स्थानसम्म पुर्याउदा | २००० | ७०० |

एम्बुलेन्स भाडा वापतको रकमबाट नै ड्राइभरको प्रोत्साहन रकम भुक्तानी हुनेछ ।

ग. संक्रमणको पुष्टि भई आइसोलेशनमा राखिएका विरामीहरुको उपचारमा प्रत्यक्ष संलग्न कोभिड अस्थाई अस्पतालमा कार्यरत जनशक्तिलाई मासिक रुपमा तोकिएको शुरु तलव स्केलको ७५ प्रतिशत भत्ता दिने |

घ. गाउपालिका भित्रका सबै स्वास्थ्य संस्थाको आफ्नो क्षेत्र भित्रका होम आइसोलेशनमा रहेका बिरामीहरुलाई सेवा दिने जिम्मेवारी सम्बन्धित स्वास्थ्य

संस्थाको हुनेछ | सो सेवा प्रदान गर्न स्वास्थ्यकर्मीलाई कम्तिमा ३ पटक सम्म परिचालन गर्ने काम संस्थाका इन्चार्ज को हुनेछ |सो सेवा कम्तिमा तिन पटक प्रदान गरेको प्रमाण, संथाको माग र वडाको सिफारिसका आधारमा प्रति व्यक्ति/ केश रु ६०० का दरले सुबिधा रकम सम्बन्धित संस्थाको नाममा भुक्तानी दिइनेछ र उक्त रकम संस्थामा काम गर्ने सबैलाई समेट्ने गरि सो काममा खटिने, जिम्मेवारीका आधारमा अनुपातिक हुने गरि सबै स्वास्थ्यकर्मी र सहयोगी कर्मचारीलाई वितरण गरि भरपाई पेश गर्ने काम इन्चार्जको हुने र दोहोरो सुविधा कसैलाई पनि उपलब्ध नगराउने ब्यबस्था मिलाउने गरि भुक्तानी गरिनेछ |

ङ. संक्रमणको शंका लागि क्वारेन्टाइन, होल्डिंग सेन्टरमा राखिएका वा संक्रमण पुष्टि नभइ उपचारमा रहेका बिरामीहरुको उपचारमा संलग्न अन्य जनशक्तिलाई चिकित्सक भए ड्युटीमा खटाएको अवधिमा रु १५००, अन्य स्वास्थ्यकर्मी भए रु १२००,सहयोगीको हकमा रु ८०० उपलब्ध गराइने छ |

च. कोभिड-१९ को शंका लागेका व्यक्तिहरुको आर.डि.टी तथा एण्टिजिन परीक्षण, स्वाव संकलनमा खटिएका तथा प्रयोगशालामा कार्यरत स्वास्थ्यकर्मिलाइ मासिक शुरु तलब स्केलको ७५ प्रतिशत, स्वास्थ्यकर्मी र अन्य कर्मचारीहरुलाई काममा खटाइएको दिनको रु १२०० र सहयोगी कर्मचारीलाई रु ८०० का दरले जोखिम भता रकम उपलब्ध गराउने ।

छ. कोभिड रोकथाम तथा नियन्त्रण गर्नको लागि गठन भएको गाउपालिका स्तरीय कोभिड नियन्त्रण तथा रोकथाम सचिवालयका सबै पधाधिकारी तथा अन्य खटाईएका कर्मचारीहरुलाई खाइपाई आएको तलब भत्ता रकमको ५० प्रतिशत रकम र अतिरिक्त समय बिहान बेलुकी सम्म थप काम गर्नु पर्ने भएकोले दैनिक रु ३०० खाना, खाजा खर्च रकम उपलब्ध गराउने |

ज. कोभिड १९ को जोखिमको समयमा स्वास्थ्य सँस्थामा नियमितरुपमा बहिरंग सेवा दिदा संक्रमण हुन सक्ने भएकोले स्वास्थ्यकर्मीहरुको मनोवल उच्च कायम गर्न सबै संस्थाका सबै स्वास्थ्यकर्मी र सहयोगी सबै कर्मचारीहरु लाई मासिक रु.३००० ( तिन हजार ) का दरले जोखिम भत्ता उपलब्ध गराउने र सबै स्वास्थ्य संथामा सबै कर्मचारी नियमितरुपमा कार्यालयमा हाजिर भइ सेवा प्रदान

गरेको हुनु पर्ने । यो प्राबधान २०७८ असार मसान्त सम्म हुने र थप गर्न आबश्यक परे कार्यपालिकाबाट निर्णय गरी समयावधि बढाउन सकिने छ ।

झ. माथि उल्लेख भएको सुबिधा सेवा प्रदान गरेको आधारमा हुने हुदा कुनै पनि दोहोरो सुबिधा दिइने छैन । नेपाल सरकारको मिति २०७८/०१/१९ गतेको निर्णयको बुदा न १७ र १८ मा उल्लेख भएको सुबिधाका सन्दर्भमा नेपाल सरकारले बजेट उपलब्ध गराएमा सो रकमबाट र सो निर्णय भन्दा बढीको हकमा गाउपलिकाले व्यहोर्ने छ । यदि नेपाल सरकारबाट रकम निकासा नभएमा सबै प्रकृतिको यस मापदण्डमा उल्लेख भएका खर्च रकम गाउपालिकाले आफ्नो स्रोतबाट खर्च गर्नेछ ।

८. स्वास्थ्य सामग्री खरिद सम्बन्धि व्यबस्था : बर्तमान कोभिड महामारीलाई ध्यानमा राखी सार्वजनिक खरिद ऐन २०६३ को अन्य प्राबधानका अतिरिक्त एंनको दफा ६६, सार्वजनिक खरिद नियमावली २०६४ को अन्य प्राबधानका अतिरिक्त नियम १४५ को अधिनमा रही तत्काल आवश्यक पर्ने स्वास्थ्य सामग्री जस्तै मास्क, सेनिटाइजर, अक्सिजन सिलिन्डर ,औषधि, सर्जिकल सामान, आइसोलेशन तथा अस्पताल र अन्य आबश्यक स्थानका लागि चाहिने सामग्री, उपकरण, औजार, गाउँपालिकाले खरिद गरी व्यबस्थापन गर्नेछ ।

९. थप जनशक्तिको ब्यबस्थापन : कोभिड रोकथाम तथा नियन्त्रण कार्यलाई प्रभावकारी रुपमा व्यबस्थापन गर्न बैजनाथ गाउँपालिकामा मौजुदा रहेका स्वास्थ्यकर्मी अपुग हुन गएको अवस्थामा अस्पताल प्रयोगशाला सूचिकृत आइसोलेशन, क्वारेन्टिन , केश इन्भेष्टिगेशन तथा कन्टयाक्टेसिङका लागि आवश्यकता अनुसार बढीमा ६ महिनाका लागि स्वास्थ्यकर्मीहरु करार सेवामा लिन सकिनेछ । निजहरुको तलब भत्ता प्रचलित कानुन बमोजिम मौजुदा कोषबाट खर्च गर्न सकिनेछ ।

१०. खाना खाजा सम्बन्धि व्यबस्था : क्वारेन्टिन, प्रयोगशाला, आइसोलेशन तथा कोभिड अस्पतालमा रहेका बिरामीहरु तथा उपचारमा संलग्न जनशक्तिहरुका लागि बिहान, बेलुकीको खाना, दुइपटक चिया खाजा (बिहान, दिउसो ) समेत गरि अधिकतम रु ५५० (अक्षरुपी पाच सय पचास सम्म) प्रतिदिन प्रतिब्यक्ति कार्यालयले सम्झौता गरि अभिलेखका आधारमा खाने ब्यबस्था गरी खर्च गर्न सक्नेछ । बिरामीको अभिलेख ब्यबस्थित गर्ने जिम्मेवारी सम्बन्धित काममा सलग्न तोकिएको कर्मचारी र कार्यालयको हुनेछ ।

११. स्वाब परिक्षण सम्बन्धि ब्यबस्था : गाउपालिकाले आफ्नो जनशक्ति नभई वा औजार उपकरणका कारणले आफै परिक्षण गर्न नसक्ने भएमा कुनै अस्पताल वा ल्याब संग सशुल्क वा निशुल्क वार्ता गरि उपयुक्त शुल्कमा सम्झौता गरि कार्यापालिकाको निर्णयको आधारमा परीक्षणको दायरा बढाउँने छ ।

१२. अनुगमन सम्बन्धि ब्यबस्था : गाउपालिका भित्र आम नागरिकको स्वास्थ्यको अबस्था, कोभिडका अस्पताल र बिरामीको अवस्था, स्वास्थ्य संस्थाबाट ,वडाकार्यालयबाट प्रदान भइरेहको सेवाको अवस्थाका सम्बन्धमा गाउपालिकामा रहेको सचिवालयबाट नियमित अनुगमन गरिनेछ । सो अनुगमन गरेबापत निर्णयअनुसारको अनुगमन भत्ता उपलब्ध गराइनेछ ।

१३. जोखिम भत्ताको अवधिः मिति २०७८ बैशाख ९ गतेदेखि असार मसान्त सम्म कम्तिमा ३ महिना र आबश्यकताको आधारमा कार्यपालिकाले निर्णय गरी थप गर्न सक्नेछ ।

१४. मापदण्ड शंसोधन, खारेजी तथा बाधा अड्काउ फुकाउ गर्ने अधिकारः यस मापदण्डको कार्यान्वयन गर्दा कुनै बाधा अड्काउ परेमा गाउँकार्यपालिकाले त्यस्तो बाधा अड्काउ फुकाउन मापदण्डको संसोधन वा खारेजी गर्न सक्नेछ ।

बैजनाथ गाउपालिकाको मिति २०७८/०२/०५ गते बसेको कार्यापालिकाको बैठकबाट स्वीकृत (कोभिड-१९)" को संक्रमणको पहिचान, रोकथाम , नियन्त्रण तथा उपचारमा संलग्न जनशक्तिको जोखिम भत्ता तथा खर्च व्यवस्थापन सम्बन्धि मापदण्ड ,२०७८ स्थानीय सरकार संचालन एंन २०७४ अनुसार प्रमाणित गरिएको छ ।

आज्ञाले,
दान बहादुर ऐडी
प्रमुख प्रशासकीय अधिकृत

मुद्रणः मिशन प्रिन्टीङ प्रेस, कोहलपुर बाँके, मूल्य रु. ५/-
घरेलु दर्ता नं. ११९/४६१४/२०७०/२०७१